बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय मकवानपुर

हेटौंडा, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

मिति : २०८१।१।३१

विषय : ध्यानाकर्षण सम्बन्धमा।

प्रस्तुत सन्दर्भमा Space 4K Television लगायत केही संचार माध्यम तथा सामाजिक संजालहरुमा जिल्ला मकवानपुर, बकैया गाउँपालिका वडा नं.२ स्थित "ऋषेश्वर सामुदायिक वनमा वन फडानी, अवैध ढंगले हरियो रुख कटान" शीर्षकमा प्रकाशित/प्रसारित समाचार तथा रिपोर्ट प्रति यस डिभिजन वन कार्यालय मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको छ ।

संप्रेशित समाचार तथा रिपोर्टमा कटान गरिएको भनिएको श्रव्य दृश्यमा, रुखमा ट्याग लगाइएको, युनिफर्म सेल्टर उड प्रणालीको जस्तो एकै स्थानमा रुखहरु कटान गरिएको क्षेत्र, सल्लो प्रजातिको वन र मुद्दा उल्लेखित ऋषेश्वर सामुदायिक वन क्षेत्रको नभई अन्यत्र स्थानको देखाईएको छ, जुन बकैया गाउँपालिका वडा नं.२ को भूगोलमा पाईने प्रजाती भन्दा फरक प्रजातीको समेत रहेको छ । आर्थिक वर्ष २०८०।०८१ मा ऋषेश्वर सामुदायिक वन क्षेत्रको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुरुप ७२४१.४९ क्यू.फि. काठ र ४२६७ भारी दाउरा निकाल्न सकिने व्यवस्था रहेकोमा १११ वटा साल समेत विभिन्न जातका ढलापडा, सुखड खडा, मर्न लागेको, रोगी, गाँठागुठी भएको (4D) रुखहरुको ६०४७.०७ क्यू.फि. काठ र २१.३३ चट्टा दाउरा उत्पादन हुन सक्ने रुखहरु छपान गरी नियमानुसार संकलन सहमति दिईएको छ ।छपान भै संकलन सहमति दिइएका १११ रुखहरु मध्ये तोकिएको म्याद भित्र ९८ वटा रुखहरु कटान भएको जानकारी गराउँदछौं । वास्तविकता नबुझि भ्रामक समाचार सम्प्रेषण प्रति डिभिजन वन कार्यालय मकवानपुरको गम्भीर आपत्ति छ । प्रेस स्वतन्त्रता, मर्यादित तथा तथ्यपरक सूचना प्रति हामी सचेत छौं र सदैव सम्मान समेत गर्दछौं । आम संचार माध्यमहरुलाई ऋषेश्वर सामुदायिक वन उपभोक्ता समुह, बकैया २, मकवानपुरको वन क्षेत्रको स्थलगत अनुगमन गर्न आव्हान गर्दछौं ।

८१।१।३१

.................................
(राकेश प्रसाद चन्द्रवंशी)
डिभिजनल वन अधिकृत